नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, साउन ९ गते, २०७४ साल (संख्या १७

भाग ३

नेपाल सरकार

उद्योग मन्त्रालयको सूचना

पेट्रोलियम (पाँचौं संशोधन) नियमावली, २०७४

पेट्रोलियम नियमावली, २०४१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल पेट्रोलियम ऐन, २०४० को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "पेट्रोलियम (पाँचौं संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पेट्रोलियम नियमावली, २०४१ को नियम ६ मा संशोधन : पेट्रोलियम नियमावली, २०४१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"६. बोलपत्रको मूल्याङ्कन : (१) नियम ५ बमोजिम प्राप्त हुन आएका बोलपत्रको मूल्याङ्कन गर्दा देहायको आधार बापत देहाय बमोजिम अङ्क दिई बोलपत्रको मूल्याङ्कन गर्नु पर्नेछ :-

(क) बोलपत्रदाताको प्राविधिक क्षमता तथा कार्य अनुभव -बीस अङ्क

(ख) बोलपत्रदाताको आर्थिक क्षमता -बीस अङ्क

(ग) बोलपत्रदाताको पेट्रोलियम बिक्री वितरण सम्बन्धी अनुभव

(घ) अन्वेषण अवधिमा गरिने न्यूनतम कार्यदायित्व र खर्च -बीस अङ्क

(ङ) खुद पेट्रोलियमको प्रस्तावित बाँडफाँट -बीस अङ्क

(च) बोलपत्रदाताबाट उपलब्ध गराइने शैक्षिक तथा तालिम सुविधा -पाँच अङ्क

(छ) लगानी र सामाजिक विकासको योजना -पाँच अङ्क

(ज) रोजगार एवं अन्य कुनै प्रासङ्गिक कुरा -पाँच अङ्क

(२) उपनियम (१) मा उल्लिखित आधारमध्ये खण्ड (क), (ख), (घ) र (ङ) बमोजिमको आधार बापत अङ्क दिँदा थप आधार तोकी सोही अनुसार अङ्कभार विभाजन गरी अङ्क दिनु पर्नेछ । त्यसरी निर्धारण गरिएको आधार र अङ्कभार बोलपत्रको मूल्याङ्कन गर्नु अघि महानिर्देशकबाट स्वीकृत भएको हुनु पर्नेछ ।

(३) बोलपत्रको मूल्याङ्कन गर्दा न्यूनतम साठी अङ्क प्राप्त गर्ने बोलपत्रदातालाई योग्य बोलपत्रदाता मानिनेछ ।

(४) बोलपत्रको मूल्याङ्कन गर्न देहाय बमोजिमको एक बोलपत्र मूल्याङ्कन समिति रहनेछ :-

(क) महानिर्देशकले तोकेको विभागको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत र त्यस्तो अधिकृत नभएमा महानिर्देशकले तोकेको विभागको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत -संयोजक

(ख) विभागको आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ग) महानिर्देशकले तोकेको विषयसँग सम्बन्धित विज्ञ -सदस्य

(घ) विभागमा कानून अधिकृतको दरबन्दी भएमा कानून अधिकृत -सदस्य

(ङ) विभागको खरिद एकाइ प्रमुख -सदस्य-सचिव

(५) मूल्याङ्कन समितिले बोलपत्र मूल्याङ्कनको लागि आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ वा कुनै निकायको पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) बोलपत्रको मूल्याङ्कन गर्ने कार्य बोलपत्र खोलेको मितिले नब्बे दिनभित्र सम्पन्न गर्नु पर्नेछ ।"

३. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को,-

(१) उपनियम (३) मा रहेको "ढाँचामा" भन्ने शब्दपछि "नेपाली वा अंग्रेजी भाषामा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ :-

"(५) यस नियम बमोजिम भएको पेट्रोलियम सम्झौता ठेकेदारले उल्लङ्घन गरेमा नेपाल सरकारले उक्त सम्झौता रद्द गर्न सक्नेछ । त्यसरी सम्झौता रद्द गर्नु अघि ठेकेदारलाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।"

४. मूल नियमावलीमा नियम १०क. थप : मूल नियमावलीको नियम १० पछि देहायको नियम १०क. थपिएको छ :-

"१०क. कम्पनी तथा उद्योग दर्ता गराउनु पर्ने : नियम १० बमोजिमको पेट्रोलियम सम्झौता लागू भएको मितिले नब्बे दिनभित्र ठेकेदारले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रचलित कानून बमोजिम कम्पनी तथा उद्योग दर्ता गराउनु पर्नेछ ।"

५. मूल नियमावलीको नियम १६ मा संशोधन : मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (१) मा रहेका "र आवश्यक परेमा बढीमा तीन (३) करार वर्षसम्मको अवधि थप गर्न सकिनेछ" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपनियम (१क) को सट्टा देहायको उपनियम (१क) राखिएको छ :-

"(१क) उपनियम (१) बमोजिमको प्राथमिक अन्वेषण अवधि समाप्त भएपछि नेपाल सरकारले आवश्यकता अनुसार पहिलो पटक तीन करार वर्ष र दोस्रो पटक दुई करार वर्ष गरी बढीमा पाँच करार वर्ष थप गर्न सक्नेछ ।"

६. मूल नियमावलीको नियम १८ मा संशोधन : मूल नियमावलीको नियम १८ को सट्टा देहायको नियम १८ राखिएको छ :-

"१८. प्रतिवेदन पेश गर्नुपर्ने : (१) ठेकेदारले करार क्षेत्रमा पेट्रोलियम फेला परे वा नपरेको निष्कर्ष सहितको प्रतिवेदन सम्झौता बमोजिम विभागमा पेश गर्नु पर्नेछ ।

(२) करार क्षेत्रमा पेट्रोलियम फेला परेमा ठेकेदारले त्यसको जानकारी तुरुन्त विभागमा दिनु पर्नेछ ।"

७. मूल नियमावलीको नियम १९ मा संशोधन : मूल नियमावलीको नियम १९ को सट्टा देहायको नियम १९ राखिएको छ :-

"१९. सम्भाव्यता कार्यक्रम तथा बजेट पेश गर्नु पर्ने : ठेकेदारले नियम १८ बमोजिम पेट्रोलियम फेला परेको प्रतिवेदन दिएमा त्यसको नब्बे दिनभित्र करार क्षेत्रको व्यापारिक विकास मूल्याङ्कन गर्न विस्तृत सम्भाव्यता कार्यक्रम तथा बजेट समेत विभागमा पेश गर्नु पर्नेछ ।"

८. मूल नियमावलीको नियम २१ मा संशोधन : मूल नियमावलीको नियम २१ को सट्टा देहायको नियम २१ राखिएको छ :-

"२१. उत्पादन अवधि : (१) उत्पादन अवधि उत्पादन अनुमति प्राप्त गरेको मितिले तीस वर्षको हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबू बाहिरको परिस्थितिले गर्दा तीस दिनभन्दा बढी अवधिसम्म पेट्रोलियम कार्य स्थगित भएमा विभागले त्यस्तो स्थगित अवधि उत्पादन अवधिमा थप गर्न सक्नेछ ।"

९. मूल नियमावलीको नियम ४३ मा संशोधन : मूल नियमावलीको नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएको छ :-

"४३. समितिको गठन : (१) ऐनको दफा ७ बमोजिम देहाय बमोजिमको पेट्रोलियम परामर्श समिति गठन हुनेछ :-

(क)	उद्योग मन्त्री वा राज्यमन्त्री	-अध्यक्ष
(ख)	गभर्नर, नेपाल राष्ट्र बैंक	-सदस्य
(ग)	सचिव, उद्योग मन्त्रालय	-सदस्य
(घ)	सचिव, अर्थ मन्त्रालय	-सदस्य
(ङ)	सचिव, गृह मन्त्रालय	-सदस्य
(च)	सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	-सदस्य
(छ)	सचिव, वन तथा भू-संरक्षण मन्त्रालय	-सदस्य
(ज)	महानिर्देशक, खानी तथा भूगर्भ विभाग	-सदस्य
(झ)	परियोजना प्रमुख, पेट्रोलियम अन्वेषण परियोजना	-सदस्य-सचिव

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग मन्त्रालयमा मन्त्री र राज्यमन्त्री दुवैलाई जिम्मेवारी सुम्पिएको अवस्थामा उद्योग राज्यमन्त्रीले समितिको उपाध्यक्ष भई कार्य गर्नेछ ।"

१०. मूल नियमावलीको नियम ४४ मा संशोधन : मूल नियमावलीको नियम ४४ को खण्ड (ग) र (छ) झिकिएका छन् ।

११. मूल नियमावलीको नियम ४५ मा संशोधन : मूल नियमावलीको नियम ४५ को उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४क) समितिले आवश्यक देखेमा पेट्रोलियम अन्वेषण वा उत्पादन वा उद्योग सञ्चालनसँग सम्बन्धित विज्ञ वा कुनै निकायको पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।"

१२. मूल नियमावलीमा नियम ५८ र ५९ थप : मूल नियमावलीको नियम ५७ पछि देहायका नियम ५८ र ५९ थपिएका छन् :-

"५८. कालो सूचीमा राख्ने : (१) देहायको कुनै अवस्थामा बोलपत्रदाता वा ठेकेदारलाई विभागले कालो सूचीमा राख्न सक्नेछ :-

(क) पेट्रोलियम सम्झौता गर्नको लागि छनौट भएको बोलपत्रदाता पेट्रोलियम सम्झौता गर्न नआएमा,

(ख) बोलपत्रदाताले बोलपत्रसाथ पेश गरेको कम्पनीको प्राविधिक एवं आर्थिक क्षमता सम्बन्धी कागजात वा विवरण झुट्टा भएको पाइएमा,

(ग) ठेकेदारले सम्झौता अनुरुपको दायित्व पालना नगरेको कारण सम्झौता रद्द भएमा ।

(२) उपनियम (१) बमोजिम कालो सूचीमा राख्नु अघि सम्बन्धित बोलपत्रदाता वा ठेकेदारलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कालो सूचीमा राखिएको बोलपत्रदाता वा ठेकेदारले त्यसरी कालो सूचीमा राख्ने निर्णय भएको मितिले तीन वर्षसम्म विभागबाट गरिने पेट्रोलियम कार्य वा खरिद सम्बन्धी कार्यमा भाग लिन पाउने छैन ।

(४) उपनियम (१) बमोजिम कालो सूचीमा राखिएको बोलपत्रदाता वा ठेकेदारको विवरण विभागले आफ्नो वेबसाईटमा राखी त्यसको जानकारी सम्बन्धित बोलपत्रदाता वा ठेकेदारलाई दिनु पर्नेछ ।

५९. अधिकार प्रत्यायोजन : यस नियमावली बमोजिम विभागलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विभागले विभाग वा मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. मूल नियमावलीको अनुसूची-२ संशोधन : मूल नियमावलीको अनुसूची-२ को,-

(१) दफा १२ को उपदफा (१) मा रहेका "प्राथमिक अन्वेषण अवधिको शुरुमा र त्यसमा थपिएको अवधिको शुरुमा" भन्ने शब्दहरुको सट्टा "प्राथमिक अन्वेषण अवधिको हकमा सम्झौता भएको मितिले तीस दिनभित्र र थप अन्वेषण अवधिहरुको हकमा त्यस्तो अवधि थपका लागि दिएको निवेदनसाथ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १६ को अन्त्यमा "करार क्षेत्रमा पेट्रोलियम फेला नपरे पनि ठेकेदारले त्यसको जानकारी विभागमा दिनु पर्नेछ ।" भन्ने वाक्यांश थपिएको छ ।

(३) दफा १७ को उपदफा (१) मा रहेको "तर ठेकेदारले स्थलको व्यापारिक विकास मूल्याङ्कन गर्न त्यस्तो सम्भाव्यता कार्य आवश्यक नठानेमा त्यसको उचित कारण सहित दफा १८ बमोजिमको कारबाही चलाउनेछ ।" भन्ने वाक्यांश झिकिएको छ ।

(४) दफा १९ को उपदफा (१) मा रहेको "मनासिब समयभित्र" भन्ने शब्दको सट्टा "तीस दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छ :-

"२३. उत्पादन अवधि : उत्पादन अवधि उत्पादन अनुमति प्राप्त गरेको मितिले तीस वर्षको हुनेछ । काबू बाहिरको परिस्थितिले गर्दा पेट्रोलियम कार्य स्थगित भएमा विभागले नियम २१ बमोजिम त्यस्तो स्थगित अवधि उत्पादन अवधिमा थप गर्न सक्नेछ ।"

(६) दफा ४० मा रहेको "पचास (५०) प्रतिशतका दरले आयकर ऐन, २०५८ र सो अन्तर्गत बनेको लागू मितिमा प्रचलित नियमहरू" भन्ने शब्दहरुको सट्टा "आयकर सम्बन्धी प्रचलित कानून" भन्ने शब्दहरु राखिएका छन् ।

(७) पेट्रोलियम सझौताको दफा ७१ मा रहेको "स्थितिलाई" भन्ने शब्दको सट्टा "स्थिति, ठेकेदार वा निजको कट्केन्दारको कामदार वा कर्मचारी बीचको औद्योगिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवादबाट सिर्जित हडताल, तालाबन्दी वा यस्तै अन्य मनासिब अवस्थालाई" भन्ने शब्दहरु राखिएका छन् ।

(८) दफा ७२ को,-

(क) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर त्यस्तो अवस्थामा पनि प्रत्यक्ष असर नपार्ने खालका पेट्रोलियम अन्वेषणसँग सम्बन्धित अन्य कार्यहरु सुचारु गरेको हुनु पर्नेछ ।"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) काबू बाहिरको परिस्थिति परेमा असर पर्ने पक्षले देहायको विवरण खुलाई सात दिनभित्र विभागलाई लिखित जानकारी दिनु पर्नेछ :-

(क) काबू बाहिरको परिस्थितिको विवरण,

(ख) काबू बाहिरको परिस्थितिको कारणले गर्दा असर पर्ने पक्षको अधिकार वा दायित्वमा पुग्न सक्ने असर,

(ग) काबू बाहिरको परिस्थिति कायम रहने अनुमानित अवधि,

(घ) काबू बाहिरको परिस्थितिको असर न्यूनीकरण गर्न अवलम्बन गरेको वा गरिने उपायको विवरण । "

(ग) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) काबू बाहिरको परिस्थिति समाप्त भएपछि असर पर्ने पक्षले सामान्य परिस्थिति कायम भएको कुराको लिखित जानकारी सात दिनभित्र विभागलाई दिनु पर्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) उपदफा (५) मा रहेका "ढिलाई भएको" भन्ने शब्दहरु पछि "तीस दिनभन्दा बढी" भन्ने शब्दहरु थपिएका छन् ।

(ङ) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छ :-

"(६) दफा ७१ बमोजिमको काबू बाहिरको परिस्थितिको कारणबाट लगातार एक वर्षसम्म पेट्रोलियम कार्य स्थगित भएमा कुनै पक्षले अर्को पक्षलाई पन्ध्र दिनको लिखित सूचना दिई सम्झौता रद्द गर्न सक्नेछ ।"

आज्ञाले,

शंकर प्रसाद कोइराला

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।